# कर्जन्हा नगरपालिका

स्थानीय राजपत्र

खण्डः ५ संख्याः २ प्रकाशन मितिः२०८३-०३-१२ गते

## <u>भाग- २</u>

**कर्जन्हा नगरपालिका कर्मचारी अवकाश(उपदान) सेवा सञ्चालन कार्यविधि,२०८३**

**प्रस्तावनाः**

नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्द्धन गर्न,कर्मचारीहरुको उचित व्यवस्थापन गरी समानुकुल सेवा प्रवाह गर्न र स्थानीय तहको काम कारबाहीलाई सरल,सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामुखी बनाउदै विगत लामाो समयदेखि साविक स्थानीय निकायको सेवामा समर्पित भै कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन भएका साविक स्थानीय निकाय(गा.वि.स.,नगरपालिका) तर्फका स्थायी कर्मचारीहरुले अवकाशपछि पाउने उपदान रकम व्यवस्थित गर्न वाञ्छनीय भएकाले,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ तथा मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी कर्जन्हा नगरपालिकाको नगर कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नार र प्रारम्भ**

(१) यस कार्यविधिको नम "कर्जन्हा नगरपालिकाको कर्मचारी अवकाश (उपदान) सेवा सञ्चालन कार्यविधि,२०८३" रहेको छ ।

(२) यो कार्यविधि कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन भएका तत्कालीन स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा २४१ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका साविक स्थानीय निकायका नियम २६४ चौंथो संशोधन, नियम २६५, २६६,२६७ र २६८ बमोजिमका कर्मचारीहरुमा मात्र लागू हुनेछ ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिले लागु हुनेछ

**२. परिभाषा र व्याख्याः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र कर्मचारी समायोजन ऐन,२०७५ सम्झनु पर्दछ ।

(ख) “कार्यविधि” भन्नाले कर्जन्हा नगरपालिका कर्मचारी अवकाश (उपदान) सेवा सञ्चालन कार्यविधि,२०८३ सम्झनु पर्दछ ।

(ग) “उपदान” भन्नाले तत्कालीन स्थानीय स्वयत्त शासन ऐन,२०५५ को दफा २४१ र २५५ तथा स्थानीइ स्वायत्त शासन नियमावली,२०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका कर्मचारीहरुले नियम २६८ बमोजिम प्राप्त गर्ने उपदानलाई सम्झनु पर्दछ ।

(घ) “उपचार खर्च” भन्नाले कर्मचारी समायोजन ऐन,२०७५ अनुसार तत्कालीन स्थानीय निकायका कर्मचारीहरुलाई उपलब्ध गराइने उपचार खर्चलाई सम्झनु पर्दछ ।

(ङ) “ कार्यपालिका” भन्नाले कर्जन्हा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “कार्यालय” भन्नाले कर्जन्हा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको संगठन संरचनामा रहेको शाखा/उपशाखाका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ ।

(छ) “स्थानीय निकाय” भन्नाले साविक गाउँ विकास समिति,नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) “स्थानीय कर्मचारी” भन्नाले साविक गाउँ विकास समिति र नगरपालिकामा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम कर्जन्हा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा समायोजन भएका कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्था

**३. समितिः** यस कार्यविधि बमोजिम अवकाश सुविधा पाउने कर्मचारीको रकम एकीन गर्न तपसिल बमोजिमको समिति रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**४. उपदानः** मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ५१ बमोजिम हुने छ ।

**५. औषधि उपचार खर्चः** स्थानीय तहमा समायोजन भएका कर्मचारी सेवा अवधिभरमा अधिकृतस्तरको कर्मचारी भएमा बाह्र महिना बराबरको र सहायकस्तरको कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलव रकम उपचार खर्च वापत पाउने छ ।

**६. बिदाको रकम भुक्तानीः** स्थानीय तहका कर्मचारीहरुलाई प्रचलित कानून अनुसार कर्मारीको संचित बिदा वापतको रकम  भुक्तानी गरिने छ ।

७. स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च,बिरामी बिदा,घर बिदा लगायतका सुविधा संघीय र प्रादेशिक कानूनहरुलाई आधार मानी गणना गरिनेछ ।

परिच्छेद -३

८. यो कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुने र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । यो कार्यविधि लागू हुनु अगाडी नगर कार्यपालिका बैठकबाट निर्णय भई कार्यान्वयन भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

९. यो कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्रे छ ।

१०. कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको परिमार्जन र संशोधन गर्न सक्रे छ ।

११. कार्यविधि नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र अन्य प्रचलित कानूनसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

१२. यो कार्यविधि साविक स्थनीय निकाय ( गा.वि.स.,नगरपालिका) बाट स्थायी नियुक्ति भई कर्जन्हा नगरपालिकामा समायोजन भएका कर्मचारीहरुमा मात्र लागू हुनेछ ।